**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**प्रदेश नं. ३**

**हेटौंडा, मकवानपुर, नेपाल**

**करार सेवा लिनेसम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७५ /०६ /०५)

यस प्रदेशमा रहेका ७४ वटै गाउँपालिकाको लागिकानूनी सहजकर्ता पदको देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राखु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यलय समयमा दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य– विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण सम्बन्धित गाउँपालिकाको कार्यालय वा सम्बन्धित जिल्ला समन्वय समितिको कार्यलय वा यस मन्त्रालयको वेवसाइट www. moial.p3.gov.npमा उपलब्ध हुनेछ ।

१. सूचना नं. ०१/२०७५-०७६

| पद | संख्या |
|---|---|
| कानूनी सहजकर्ता | ७४ |

२. योग्यता :

(क) नेपाली नागरिक,

(ख) प्रविणता प्रमाणपत्र वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष उमेर पुरा भई एकाउन्न वर्ष ननाघेको,

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. **छनौट प्राथमिकता :**

(क)**शैक्षिक योग्यता**

(१) कानूनमा स्नातक गरी कानून व्यवशायीको प्रमाणपत्र प्राप्त गरेको,

(२) कानूनमा स्नातक गरेको,

(३) कानून बाहेकको कुनै पनि संकायमा स्नातक उतीर्ण गरेको,

(४) प्रवीणता प्रमाणपत्र तह (+२) वा सो सरह उतीर्ण गरी कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको ।

(ख)**शैक्षिक श्रेणी**

(ग)**बासिन्दा**

(१) सम्बन्धित गाउँपालिकाको बासिन्दा,

(२) सम्बन्धित जिल्लाको बासिन्दा,

(३) सम्बन्धित जिल्ला भन्दा बाहिरको बासिन्दा,

(घ) महिला उम्मेदवारलाई प्राथमिकता ।

(ङ) स्थानीय तहमा काम गरेको महिला उम्मेदवार ।

(च) अन्तवार्ता ।

४. **दरखास्तमा संलग्न गर्नुपर्नेः**

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

५.**दरखास्तमा बुझाउने स्थान**ः सम्बन्धित गाउँपालिकाको कार्यलय ।

६.**कार्यक्षेत्र :** सम्बन्धित गाउँपालिकाको क्षेत्र भित्र ।

**थप जानकारीको लागि सम्पर्क नं.- ०५७-५२७५१३**